महादेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बथनाहा,सप्तरी
मधेश प्रदेश

प.सं.: २०८१/०८२

चलानी नं.: १५२०

मितिः २०८२/०३/२६

विषय:- उपभोक्ता विवरण संकलन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै

महादेवा गाउँपालिका, सप्तरी ।

उपरोक्त सम्बन्धमा महादेवा गाउँपालिकाले हरित जलवायु कोष र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन गर्ने गरी सम्झौता गरेको व्यहोरा जानकारी गराउँदछु । उक्त कार्यक्रम अवधी ५ वर्षको रहनेछ र सोही कार्यक्रम अन्तर्गत ३ ओटा खाना पकाउने प्रविधी (विद्युतिय चुल्हो, तह ३ को फलामे सुधारिएको चुल्हो र ४ घ.मि को बायोग्याँस) को प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ । स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन तथा उपभोक्ता सम्म अनुदान सहित सुपथ मुल्यमा उल्लेखित प्रविधिहरु पुर्याउनका लागि सम्बन्धित वडाहरुले उपभोक्ता विवरण संकलन गर्नुहुन र विवरण संकलन गर्दा देहायको बमोजिमका नियम पालना गर्न अनुरोध गरिन्छ ।

शर्तहरु:-

१. विद्युतिय चुल्होको हकमा सम्बन्धित उपभोक्ताहरुको घरमा १५ Amp को मिटर जडान भएको हुनुपर्ने ,

२. बायोग्याँस जडानको निमित्त १/२ ओटा गाईवस्तु भएको हुनुपर्ने,

३. उपभोक्ता विवरण संकलन गर्दा घरमुली महिला, एकल महिला, दलित, जनजाती, अपाङ्गता र न्युन आय स्रोत भएकाहरुलाई पहिलो प्राथमिकता दिन पर्ने,

४. उपभोक्ता विवरण संकलनको क्रममा एउटै घर परिवारमा दुई ओटा प्रविधी नपर्ने गरी माग संकलन गर्न अनुरोध छ ।

प्रविधीगत लागत साझेदारी विवरण:

| क्र.सं | प्रणाली | जलवायु कोष | वैकल्पिक ऊर्जा प्रवद्धन केन्द्र | स्थानिय तह | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विद्युतिय चुल्हो | १०% | ४८% | १९% | २३% |
| २ | तह ३ को सुधारिएको चुल्हो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी बायोग्याँस | २८% | ४८% | १०% | १४% |

नोट: १) उपभोक्ताले व्यहोर्नु पर्ने कुल रकम बैकल्पिक उर्जा प्रबर्धन केन्द्र को प्रबिधि अनुरुप खुल्ने ठेक्का सम्झौता अनुसार प्रतिशतमा हुनेछ।

२) उपभोक्ताले फारम भर्न नागरिकता अनिवार्य लिई आउनुपर्ने छ ।

३) उपभोक्ताले सम्बन्धित वडा कार्यालयबाट नि:शुल्क फारम लिई भर्नु पर्नेछ ।

..........................

राज किशोर साह

(प्रमुख प्रशासकीय अधिकृत)

"अनिवार्य व्यक्तिगत घटना दर्ता गरौं "

Website : www.mahadevamun.gov.np; Email:mahadevarmun@gmail.com